# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ४७ औं नगर कार्यपालिका बैठकमा भएका निर्णयको सङ्क्षिप्त विवरण
मितिः २०८२ फागुन १ गते, शुक्रवार (नेपाल संवत ११४६ सिल्लागा: एकादसि)

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रशासन विभाग | विभिन्न पदमा करारमा कार्यरत कर्मचारीहरुको म्याद २०८३ आषाढ मसान्त सम्म थप गर्ने सम्बन्धमा । | काठमाडौं महानगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको, बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ तथा काठमाडौं महानगरपालिका सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्वन्धी कार्यविधि, २०७९ को दफा दफा १२ बमोजिम कर्मचारीहरुले साविकमा खाईपाई आएको सुविधामा नघट्ने गरी मिति २०८३ आषाढ मसान्त सम्म सामाजिक सुरक्षा कोष कट्टी, महंगी भत्ता तथा काठमाडौं महानगरपालिका कर्मचारी सेवा सुविधा मापदण्ड, २०८० बमोजिम सेवा सुविधा उपलब्ध गराउने गरी करार सम्झौता नविकरण गर्ने । |
| २ | प्रशासन विभाग | वडा नं. ११ स्थित स्वास्थ्य प्रवर्धन केन्द्र लगायत स्वास्थ्य सेवा केन्द्र सञ्चालनका लागि घर बहाल सम्झौता संशोधन तथा नविकरण गर्ने सम्बन्धमा । | काठमाडौं महानगरपालिका वडा नं. ११ स्थित मीरा डंगोल (महर्जन) को घरको सम्बन्धमा निम्न बमोजिम गर्ने:<br>(क) मिति २०८२/०६/०1 देखि २०८२/०७/३० सम्मको (असोज र कार्तिक) २ महिनाको भाडा साविकको दर (मासिक रु. ४,९०,५५१/-) ले हुन आउने कुल रु.९,८१,१०२/- भुक्तानी दिने ।<br>(ख) मिति २०८२/०८/०1 देखि २०८२/१२/३० सम्म (पाँच महिनाका) का लागि संशोधित क्षेत्रफल ५८४१.७६ वर्ग फिटको प्रति व.फि. रु. ६४.१५ का दरले हुन आउने मासिक बहाल रकम रु. ३,७४,७४८/- कायम गरी बहाल रकम भुक्तानी दिने ।<br>(ग) सम्वत् २०८३ बैशाख महिना देखि स्वास्थ्य विभाग अन्तर्गत सुलभ फार्मेसी, सहरी स्वास्थ्य प्रवर्धन केन्द्र, आयुर्वेदिक केन्द्र र परामर्श केन्द्रबाट उपलब्ध हुने सेवा सञ्चालनका लागि उपयुक्त स्थान पहिचान गरी सञ्चालन तथा व्यवस्थान गर्न स्वास्थ्य विभागले २०८२ फागुन मसान्त भित्रमा प्रस्ताव पेश गर्ने । |
| ३ | प्रशासन विभाग | नेपाल प्रहरीको साईवर ब्यूरो तथा ट्राफिक प्रहरी कार्यालय प्रयोजनार्थ जग्गा उपयोग, व्यवस्थापन सम्बन्धमा । | (क) समरजंग कम्पनी कार्यालयको नाममा दर्ता श्रेस्ता कायम रही हाल नेपाल प्रहरीको साइवर ब्यूरोले प्रयोग गरिरहेको साविक काठमाडौं महानगरपालिका वडा नं. ३०, |

सरोज गुरागाईं
प्रमुख प्रशासकीय अधिकृत

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| | | | हाल काठमाडौ महानगरपालिका वडा नं. २७, भोटाहिटी चोकमा रहेको कित्ता नं. ३५३, ३५४ र ३५५ गरी कुल क्षेत्रफल ०-४-२-१ भएको जग्गा तथा उक्त जग्गामा रहेको घर काठमाडौ महानगरपालिकालाई हक हस्तान्तरण सहित प्रयोग गर्न र साविक काठमाडौ महानगरपालिका वडा नं. ३१, हाल काठमाडौ महानगरपालिका वडा नं.२८ रामशाहपथ स्थित रहेको फिल्डवुकको जोताहा महलमा काठमाडौ नगर पञ्चायत उल्लेख भएको कि.नं.१ क्षेत्रफल ७-०-२-३ रोपनी क्षेत्रफलको जग्गा नेपाल सरकारको नाममा दर्ता गर्न काठमाडौ महानगरपालिकाले सहमति प्रदान गर्ने ।<br>(ख) काठमाडौ महानगरपालिका वडा नं. २८ रामशाहपथ स्थित रहेको फिल्डवुकको जोताहा महलमा काठमाडौ नगर पञ्चायत उल्लेख भएको कि.नं. १, क्षेत्रफल ७-०-२-३ जग्गा नेपाल सरकारको नाममा दर्ता भइसकेपछि, कुल क्षेत्रफलमध्ये कम्तीमा ०-८-०-० रोपनी जग्गा समरजंग कम्पनी कार्यालयका लागि र बाँकी जग्गा नेपाल प्रहरी उपत्यका ट्राफिक प्रहरी कार्यालयले प्रयोग गर्ने गरी आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अगाडि बढाउने । |
| ४ | प्रशासन विभाग | काठमाडौं महानगरापालिका साविक वडा नम्वर २८ हाल वडा नम्वर २५ बाङ्गेमुढा स्थित कि.नं. ६९४ को जग्गा उपभोग तथा व्यवस्थापन सम्बन्धमा । | काठमाडौं महानगरपालिका साविक वडा नं. २८ हाल वडा नं. २५ स्थित कित्ता नं. ५९४ को जग्गा सम्बन्धमा सम्मानित उच्च अदालत पाटनबाट मुद्दा नं. ०७४-DP-०७७४ को खिचलो, सार्वजनिक हक कायम दर्ता समेत मुद्दामा मिति २०७५।२।१५ मा भएको फैसला बमोजिम महानगरपालिकाको भोग र अधिकार स्थापित देखिएकोले, सो स्थानमा २५ नं. वडा कार्यालय भवन निर्माण गर्न "सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति,२०७९" अनुसार उक्त जग्गाको उपयोगको स्वीकृति प्रदान गर्न नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष अनुरोध गर्ने। |
| ५ | प्रशासन विभाग | आन्दोलनका क्रममा क्षति भएका नगर प्रहरीका निजी सवारी साधनलाई राहत उपलब्ध गराउने सम्बन्धमा । | २०८२ भदौ २३ र २४ गते जेन्जी आन्दोनका क्रममा ड्युटीमा खटिएको अवस्थामा महानगरपालिकाका कर्मचारीको निजी सवारी साधन क्षति भएकोमा क्षतिको मूल्यांकन गरी विमाले क्षति नव्यहोरेको अवस्थामा मापदण्ड तथा मूल्यांकनलाई आधार मानी बढीमा २ लाख रुपैया सम्म पीडित कर्मचारीलाई चालू आर्थिक वर्ष २०८२/८३ को स्वीकृत बजेट (वातावरण व्यवस्थापन विभाग अन्तर्गत खर्च संकेत २२७११: "सवारी साधन दुर्घटना, उपचार तथा क्षतिपूर्ति") खर्च शिर्षकबाट आर्थिक सहायता/राहत उपलब्ध गराउने । |

सरोज गुरागाईं
प्रमुख प्रशासकीय अधिकृत

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| ६ | प्रशासन विभाग | का.मु. नगर प्रहरी वरिष्ठ उपरीक्षक राजु नाथ पाण्डेले दिनु भएको राजिनामा स्वीकृत गर्ने निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | का.मु. नगर प्रहरी बरिष्ठ उपरीक्षक श्री राजु नाथ पाण्डे (क.सं.नं. ३-२७-३९७४-००४५५)ले मिति २०८२/१०/०४ गते देखि लागु हुने गरी सनाखत समेत गरी पेश गर्नुभएको राजीनामा काठमाडौ महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को दफा ८२ र स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १४६ बमोजिम स्वीकृत गर्ने मिति २०८२।१०।२ को प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |
| ७ | प्रशासन विभाग | वडा तहबाट भू-सेवा तथा भू-सूचना प्रणाली सञ्चालन गर्ने सम्बन्धमा । | स्थानीय तहबाट नै भूसेवा तथा भू सूचना प्रणाली सञ्चालनार्थ काठमाडौं महानगरपालिका अन्तर्गतका वडा कार्यालयबाट नै सेवा प्रवाहको लागि वडा कार्यालयहरु ६, १०, १४, १५, २६, लगायत वडा नं. ३, ४, २३, ३१ र १६ तथा क्रमश: अन्य वडा कार्यालयहरुबाट भू-सेवा सञ्चालनलाई प्रभावकारी, व्यवस्थित तथा कानुनसम्मत रूपमा कार्यान्वयन गर्न सेवाहरु उपलब्ध गराउने । |
| ८ | प्रशासन विभाग | ३२ नम्वर वडा कार्यालयको लागि थप जग्गाको व्यवस्था मिलाउने सम्बन्धमा । | काठमाडौं महानगरपालिकाले आयोजनालाई ऋण सहयोग वापत उपलब्ध गराएको कुल ३९ करोड ९० लाख रुपैया मध्ये मनोहरा जग्गा व्यवस्थापन उप समितिको मिति २०८१।६।२० को बैठकको निर्णयानुसार आयोजनाबाट प्राप्त गरेको ४-३-१-० जग्गाको कुल मूल्य रु. २८,५०,३३,८०६।९४ घटाई बाँकी रहेको जम्मा रु. ११,३९,६६,१९३।०६ वापत आयोजनाबाट काठमाडौं महानगरपालिकाको नाममा जग्गा प्राप्त गर्ने । |
| ९ | सार्वजनिक निर्माण विभाग | ३ वडा अन्तर्गतको विश्व शान्ति चिरण मिलन क्याम्पस भवन निर्माण कार्यको घटी भेरिएसन अर्डर स्वीकृत गर्ने निर्णय अनुमोदन सम्बन्धमा । | प्रस्तुत Building Construction of Bishwa Shanti Chiran Milan Campus KMC–3, Contract No 01–03–081–082–NCBW–WARD 3–KMC को निर्माण कार्य लागत अनुमान भन्दा Quantity घटवढ भई हुन आएको १७.२६% ले घटी भेरिएसन मिति २०८२/०९/२२ को प्रमुखस्तरीय निर्णयअनुसार अनुमोदन गर्ने । |
| १० | स्वास्थ्य विभाग | वडा नम्वर २३ निवासी जमुना डंगोल महर्जनलाई उपचार सहायता उपलब्ध गराउने सम्बन्धमा । | काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ को दफा १३ र १५ उपदफा(२) बमोजिम काठमाडौं महानगरपालिकाका वडा नं. २३ निवासी श्री जमुना डंगोल महर्जनलाई औषधी उपचारमा भएको विलअनुसारको खर्च रकम रु.४,३५,९८४। (चार लाख पैंतिस हजार नौं सय चौरासी) उपचार सहायता उपलब्ध गराउने । |
| ११ | **विविध** | | |
| | (क) | बालाजु बाइसधारा उद्यानको भवनमा CCTV Control Room स्थापना गरी सञ्चालन गर्ने निर्णयको जानकारी । | बालाजु बाइसधारा उद्यानको भवनमा CCTV Control Room स्थापना गरी सञ्चालन गर्ने निर्णय कार्यपालिकामा जानकारी भयो । |

सरोज गुरागाईं
प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><th>क्रस</th><th>विभाग</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td></td><td>(ख)</td><td>स्वीकृत बजेटमा विनियोजन गरिएको चःमति जग्गा एकीकरण आयोजनालाई ऋण सापटी उपलब्ध गराउने निर्णयको जानकारी ।</td><td>स्वीकृत बजेटमा विनियोजन गरिएको चःमति जग्गा एकीकरण आयोजनालाई ऋण सापटी उपलब्ध गराउने निर्णय कार्यपालिकामा जानकारी भयो ।</td></tr>
<tr><td></td><td>(ग)</td><td>विषेश महत्वका प्रस्तावहरु ।</td><td></td></tr>
<tr><td></td><td></td><td colspan="2">(क) २६ नं. वडा ठमेल स्थित त्रिदेवी मन्दिर परिसरमा अनधिकृत टहरा निर्माण गरेको सम्बन्धमा कारवाहीको लागि बैठकमा विशेष सवालको रुपमा पेश हुन आएकोमा यथासम्भव शिघ्र उक्त स्थलको प्राविधिक प्रतिवेदन प्राप्त गरी आवश्यक कारवाहीका लागि राय सहित पेश गर्न सम्पदा विभागलाई निर्देशन दिने ।<br>(ख) यैं द्य साँस्कृतिक छैं भवन प्रयोग सम्बन्धमा अध्ययन गरी सिफारिस प्रतिवेदन आगामी कार्यपालिका बैठकमा पेश गर्न वडा अध्यक्ष श्री चिनीकाजी महर्जनको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्ने ।<br>श्री चिनीकाजी महर्जन, वडा अध्यक्ष, २२ वडा - संयोजक<br>श्री मचाराजा महर्जन, वडा अध्यक्ष, २३ वडा - सदस्य<br>श्री आशामान संगत, वडा अध्यक्ष, ८ वडा - सदस्य<br>(ग) महानगरवासीको स्वास्थ्य विमा सुविधा लगायतका अन्य स्वास्थ्य सेवा प्रवाहसँग सम्बन्धित विषयहरुका सम्बन्धमा उत्पन्न समस्या तथा जनगुनासो तत्काल सम्बोधन गर्न आवश्यक भएको भनी बैठकमा विशेष सवालको रुपमा प्रस्तुत भएकोमा प्रस्तुत हुन आएको समस्या तथा जनगुनासोको वस्तुगत अध्ययन विश्लेषण गरी व्यवस्थापनको लागि उपयुक्त र ठोस कार्ययोजना आगामी बैठकमा पेश गर्न स्वास्थ्य विभागलाई निर्देशन दिने ।<br>(घ) १४ वडा स्थित बल्खु खोलाबाट हुने डुबान व्यवस्थापन हुन नसकेको सम्बन्धमा समस्या समाधानको लागि अधिकार सम्पन्न बागमती आयोजना लगायत अन्य सरोकारवाला निकायहरुसँग समन्वयात्मक कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।<br>(ङ) ज्येष्ठ नागरिकहरुलाई घरघरमा आधारभूत स्वास्थ्य सेवा प्रवाहसँगै सामाजिक सुरक्षा भत्ताको लागि विवरण अध्यावधिक गर्ने कार्यको समेत प्रबन्ध मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।<br>(च) बालाजु बाइसधारा उद्यान भित्रको स्वमीङपुल यथासम्भव शिघ्र सञ्चालनको लागि आवश्यक प्रबन्ध गर्न प्रशासन विभागलाई निर्देशन दिने।<br>(छ) बैठकमा विशेष महत्वका साथ उठेका विषयहरु मध्ये महानगर क्षेत्रको समग्र सरसफाई, तार व्यवस्थापन, पार्किङ व्यवस्थापन, फोहरमैला व्यवस्थापन, सहकारी समस्या, सडक बत्ती व्यवस्थापन आदि विषयलाई प्राथमिकताकासाथ सम्बोधन गरी आगामी कार्यपालिका बैठकमा प्रगति विवरण पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।</td></tr>
<tr><td></td><td>(घ)</td><td>शोक प्रस्ताव ।</td><td>तात्कालिन काठमाडौं नगर पञ्चायतका प्रधानपञ्च रुपमा सेवा गर्नुभएका रिनेन्द्र मान सिंह महर्जन तथा २२ वडाको वडा अध्यक्षमा निर्वाचित भई सेवा गर्नु भएका मानिक रत्न स्थापितको मिति असामयिक निधन भएकोमा काठमाडौं महानगरपालिका उहाँहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछ ।</td></tr>
</table>

सरोज गुरागाईं
प्रमुख प्रशासकीय अधिकृत